**मुक्तिनाथ दर्शन सेवा**



दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ९ गते सोमबार ❑ 23 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा विमानस्थल अनियमितताबारे विशेष अदालतमा मुद्दा दायर

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

अ ख्तियार दुरुपयोग अनुसन्धान आगोगले पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलमा अनियमितता प्रकरणमा विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगले तत्कालीन पर्यटन सचिव केदारबहादुर अधिकारसिहित २१ जना र दुई कम्पनीलाई प्रतिवादी बनाउँदै मुद्दा दायर गरेको अदालतका सहप्रवक्ता यज्ञराज रेग्मीलेले जानकारी दिनुभयो । प्रतिवदीहरूमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकद्वय सञ्जीव गौतम र राजन पोखरेल, प्राधिकरणका तत्कालीन उपमहानिर्देशक महेन्द्रसिंह रावल, प्राधिकरणका तत्कालीन निर्देशक स्व ध्रुवदास भोछिभोया, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक बाबुराम पौडेल, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन प्रबन्धक चाँदमाला श्रेष्ठ रहनुभएको छ । त्यस्तै, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपनिर्देशक प्रवीण न्यौपाने, पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलनिर्माणआयोजनाका तत्कालीन आयोजना प्रमुख विनेश मुनकर्मी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन अधिकृत राजाराम चौधरी, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन उपप्रबन्धक हिमज्योति थापा, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत नरेन्द्रराज सैंजु, राष्ट्रिय गौरव आयोजनाका तत्कालीन लेखा अधिकृत/उपप्रबन्धक प्रमोद नेपाल तथा राष्ट्रिय गौरव आयोजनाका तत्कालीन वरिष्ठ लेखा अधिकृत/उपप्रबन्धक सविन फुयाल रहनुभएको छ । अधिकाशलाई रु ४६ करोड, १५ लाख, ८४ हजार ४३४ बिगो छ। त्यसमध्ये नरेन्द्र सैंजु, प्रमोद नेपाल र सविन फुयाललाई रु आठ करोड ९५ लाख २ हजार ७८० बिगो छ।

## प्यारागलाइडिङलाई विस्थापित नभई व्यवस्थित ढंगले स्थापित गर्ने क्यानका नि.महानिर्देशक कर्णको भनाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णले पोखराको प्याराग्लाइडिङ गतिविधिलाई विस्थापित नगरी व्यवस्थित र सुरक्षित ढंगले सञ्चालन गरिने बताउनु भएको छ।




नेपाल हवाई खेलकुद संस्था (ना) द्वारा आयोजित २१औं खुला नेपाल प्याराग्लाइडिङ च्याम्पियनसिपको शनिबार बेलुका समापन समारोहमा बोल्दै उहाँले पोखरेलीलाई अब हवाई उडान सम्बन्धी विषयमा चिन्ता नगर्न आग्रह गर्दै प्याराग्लाईडिङलाई विस्थापित नगरी व्यवस्थित र सुरक्षित ढंगले सञ्चालन गरिने बताउनु भएको हो । पोखराको आकाशमा भइरहेको साहसिक खेल गतिविधिले अन्तर्राष्ट्रिय रूपमा नेपाल सुरक्षित र शान्त देश भएको सन्देश दिएको उहाँले उल्लेख गर्नुभयो । पूर्वी एसियाली क्षेत्रमा युद्धको प्रभाव देखिएको सन्दर्भमा पनि पोखरामा निरन्तर मनोरञ्जनात्मक हवाई गतिविधि सुरक्षितका साथ सञ्चालन हुनु सकारात्मक संकेत भएको नि.महानिर्देशक कर्णको भनाइ थियो । उहाँले भन्नुभयो, "उडानलाई सुरक्षित र व्यवस्थित बनाउनु नै हाम्रो पहिलो कर्तव्य हो। यस विषयमा आवश्यक प्राविधिक परामर्शपछि निर्णय लिन्छौं। तत्काल निर्णय लिन नसकिने केही अन्तर्राष्ट्रिय जटिलताहरू पनि छन्, तर पोखरेलीले चिन्ता लिनुपर्ने अवस्था छैन ।" कर्णले भविष्यमा नेपालले ओलम्पिक स्तरसम्म सफलता हासिल गर्न सक्ने सम्भावना प्याराग्लाइडिङ खेलमा रहेको पनि बताउनुभयो । कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखराको पर्यटन प्रवर्द्धनमा प्याराग्लाइडिङले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै यसलाई नियमनसहित व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने माग गर्नुभयो । प्रदेश खेलकुद परिषद् गण्डकीका सदस्य सचिव श्रीधर शर्माले साहसिक खेल पर्यटनको ठूलो सम्भावना रहेको उल्लेख गर्दै यस्तो प्रतियोगिता नियमित रूपमा सञ्चालन हुनुपर्ने धारणा राख्नुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले प्याराग्लाइडिङ केवल खेल मात्र नभई क्षेत्रीय अर्थतन्त्रको मेरुदण्ड भएको दाबी गर्नुभयो। प्रतियोगितामा नेपालसहित भारत, चीन, फ्रान्स र जर्मनीका पाइलटहरूको सहभागिता रहेको थियो। प्रतियोगिता संयोजक सुनिल भट्टराईका अनुसार विदेशी खेलाडीहरू समेत पोखराको आकाशमा उडानप्रति अत्यन्त उत्साहित देखिएका थिए । चार वर्षपछि पुनः प्रतियोगिता आयोजना गर्न पाएकोमा खुसी व्यक्त गर्दै नेपाल हवाई खेलकुद संस्था (ना) का अध्यक्ष अनिल केसीले यसले पर्यटन क्षेत्रलाई थप ऊर्जा दिने विश्वास व्यक्त गर्नुभयो। संस्थाका पूर्व अध्यक्ष तथा सेफ्टी डाइरेक्टर योगेश बहादुर भट्टराईले पोखरा विश्वकै सुरक्षित, आकर्षक र मनमोहक प्याराग्लाइडिङ गन्तव्यका रूपमा स्थापित भएको बताउनुभयो । पोखरा भ्रमण वर्ष २०२५/०२६ का संयोजक गोपी बहादुर भट्टराईले विगतमा कोभिड-१९ जस्ता संकटका बेला पनि प्याराग्लाइडिङले पर्यटन क्षेत्रलाई पुनर्जीवित गर्न योगदान पुऱ्याएको स्मरण गर्दै यसलाई व्यवस्थित र नियमित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। यसैबिच, उक्त प्रतियोगितामा विदेशी खेलाडीहरुको वर्चश्व रह्यो ।

## प्रधानमन्त्री कार्की र रास्वपा सभापति लामिछानेबीच भेट

**रासस**
काठमाडौं, ८ चैत

प्रधानमन्त्री सुशीला कार्कीसँग राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आज बालुवाटारमा शिष्टाचार भेट गर्नुभएको छ।

सभापति लामिछानेले प्रधानमन्त्री कार्कीको नेतृत्वमा ऐतिहासिक निर्वाचन सम्पन्न भई देशले शान्तिपूर्ण रूपमा निकास भएको भन्दै बधाई ज्ञापन गर्नुभयो। उहाँले भन्नुभयो, "समयमै निष्पक्ष निर्वाचन सम्पन्न भई मुलुकले सहज र लोकतान्त्रिक निकास पाएको छ, यो सामान्य कुरा होइन । यो सफलताका लागि म सम्माननीय प्रधानमन्त्रीज्यू, यहाँको मन्त्रिपरिषद् र सचिवालयलाई बधाई र धन्यवाद दिन चाहन्छु।"

सभापति लामिछानेले भन्नुभयो, "यहाँको चट्टानी अडान र दृढताकै कारण मुलुकले निकास पायो । विगतका कुनै पनि निर्वाचनभन्दा शान्तिपूर्ण, निष्पक्ष र गुणस्तरीय निर्वाचन सम्भव भएको छ । सानो टिम र छोटो समयमा विश्वलाई नै चकित पार्ने गरी निर्वाचनमार्फत मुलुकलाई लोकतान्त्रिक निकास र सुरक्षित अवतरण गर्न तपाईं सफल हुनुभएको छ। यसका लागि तपाईंप्रति हाम्रो उच्च सम्मान छ।" उहाँले प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले गरेको योगदान मुलुकले सधैं सम्झिने उल्लेख गर्दै आगामी दिनमा पनि प्रधानमन्त्री कार्कीको निरन्तर मार्गदर्शन र अभिभावकीय भूमिकाको अपेक्षा रहेको बताउनुभयो। प्रधानमन्त्री कार्कीले रास्वपाले निर्वाचनमा पाएको सफलताका लागि बधाई दिँदै एकताबद्ध भएर देशवासीलाई निराश नहुने गरी काम गर्न सुझाव दिनुभयो। "युवाहरूसँग देशवासीले ठूलो अपेक्षा गरेका छन् । चुनौती धेरै छन्, तर सम्हालिएर अघि बढ्दै देशको मुहारमा मुस्कान ल्याउन सक्नुपर्नेछ", प्रधानमन्त्री कार्कीले भन्नुभयो, "इमानका साथ काम गरे अपेक्षित नतिजा अवश्य पाइन्छ । विरोध र आलोचना गर्नेहरूलाई कामबाटै जवाफ दिनेगरी अगाडि बढ्नु होला।"

उहाँहरूबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको र सभापति लामिछानेले सरकारले गरेका निर्णयमा आफ्नो र पार्टीको तर्फबाट कुनै आपत्ति नरहेको पनि स्पष्ट पार्नुभयो प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । "सरकार भनेको सरकार नै हो । अन्तिम दिनसम्म यसले काम गर्न पाउँछ। यो सरकारले गरेका निर्णयमा हाम्रो कुनै आपत्ति छैन", उहाँले भन्नुभयो, "अझ यो ऐतिहासिक अभिभारा पूरा गरेको सरकारका प्रति त हाम्रो उच्च सम्मान छ। त्यसैले यो सरकारका कदममा साथ दिन्छौं र निर्णय पनि हामी शिरोपर गर्छौं ।" पोर्चुगलमा नेपाली विद्यार्थीले भोगेका समस्या, मध्यपूर्वमा व्याप्त तनावका बीच नेपाली श्रमिकको सुरक्षा र पेट्रोलियम पदार्थको आपूर्तिका विषयमा पनि चासो राख्दै सभापति लामिछानेले यी विषयमा पनि उचित कदम चाल्न आग्रह गर्नुभएको थियो।

## सडक ऐन संशोधन गर्ने विधेयक गण्डकी प्रदेशसभामा

**रासस**
पोखरा, ८ चैत

गण्डकी प्रदेशसभाको आजको बैठकमा गण्डकी प्रदेश सडक ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयक प्रस्तुत भएको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले उक्त विधेयक प्रदेशसभामा पेस गर्नुभएको हो । सोमबार बस्ने प्रदेशसभा बैठकमा उक्त विधेयकमाथि छलफल हुने प्रदेशसभा सचिवालयका सचिव गोविन्द पौडेलले जानकारी दिनुभयो। "विधेयकमाथि छलफल भएपछि पारित गर्ने प्रकृया अगाडि बढ्छ", उहाँले भन्नुभयो। आजको बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता खगराज अधिकारी, विपक्षी दलका नेता हरिबहादुर चुमान र नेपाली कांग्रेस संसदीय दलका तर्फबाट प्रदेशसभा सदस्य महेन्द्र जिसीले समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो। बैठकको शून्य समयमा प्रदेशसभा सदस्य दमयन्ती रुचाल, दिलमाया पौवी, नन्दकला नेपाली, भक्तबहादुर कुँवर, भीमबहादुर कार्की, महेश भट्टराई, लिलबहादुर थापा, श्यामराजा महत र हरिबहादुर भण्डारीले आफ्नो धारणा राख्नुभएको थियो।


**डढेलोबाट जोगिऔं र जोगाऔं ।**

◆सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
◆डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेलोबाट जोगिन**

◆जथाभावीरूपमा वन तथा जंगल क्षेत्रमा आगो नबालौं,
◆सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
◆चुरोट, बिडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
◆ डढेलोविरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
◆ डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं, वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## कांग्रेस केन्द्रीय समितिबाट सभापति थापाको राजीनामा अस्वीकृत

**रासस**
काठमाडौं, १ चैत

नेपाली कांग्रेस केन्द्रीय समिति बैठकले सभापति गगनकुमार थापाले पदबाट दिनुभएको राजीनामा अस्वीकृत गरेको छ।

कांग्रेस केन्द्रीय कार्यसमितिको आज पार्टी केन्द्रीय कार्यालय सानेपा ललितपुरमा बसेको बैठकले सभापति थापाले यही चैत ३ गते पदबाट दिनुभएको राजीनामाका सम्बन्धमा छलफल गरी अस्वीकृत गर्ने निर्णय गरेको पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो । पार्टीको १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारीलाई समेत मध्यनजर गरी उक्त निर्णय गरिएको उहाँले बताउनुभयो।

बैठकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पाटीले प्राप्त गरेको परिणामको जिम्मेवारी केवल एक व्यक्तिका रूपमा पार्टी सभापति र विशेष महाधिवेशनबाट चयन भई केवल ५० दिन जिम्मेवारी सम्हालेको केन्द्रीय कार्यसमितिको मात्र नभएर समग्र पार्टीको साझा जिम्मेवारीको विषय रहेको निष्कर्ष निकालेको छ।

मुलुकको मौजुदा परिस्थितिमा कांग्रेस सभापतिको रूपमा थापाले निर्वाह गर्नुपर्ने भूमिकाको आवश्यकता टड्कारो देखिएको र विशेष महाधिवेशनले सुम्पेको दायित्व पूर्ण नभइसकेको वर्तमान अवस्थामा सभापति थापालाई पूर्ववत जिम्मेवारीमा फर्किन आग्रह गर्दै बैठकले सर्वसम्मतिबाट राजीनामा अस्वीकृत गर्ने निर्णय गरेको हो। उपसभापति विश्वप्रकाश


**बाँकी अन्तिम पृष्ठमा ▶▶**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८० ❑ २०८२ चैत ९ गते सोमबार

# स्याङ्जाका ११ स्थानीय तहलाई एक अर्ब १२ करोड

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ चैत

स्याङ्जाका ११ स्थानीय तहले आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारबाट एक अर्ब १२ करोड २३ लाख अनुदान पाउने भएका छन् । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले वित्तीय समानीकरण अनुदानतर्फ उक्त रकम दिन संघीय सरकारलाई सिफारिस गरेको हो ।

आयोगले न्यूनतम, सुत्रमा आधारित र कार्य सम्पादनका आधारमा स्थानीय तहलाई अनुदान दिन सिफारिस गर्ने गर्दछ । त्यहि सिफारिसको आधारमा संघीय सरकारले संघीय सञ्चित कोषबाट वित्तीय समानीकरणको अनुदान स्थानीय तहलाई दिदै आएको छ। सिफारिस अनुसार जिल्लाका पालिकामध्ये ५ नगरपालिकाले ६२ करोड ३६ लाख र ६ गाउँपालिकाले ४९ करोड ८७ लाख गरी ११ पालिकाले कुल एक अर्ब १२ करोड २३ लाख समानीकरण अनुदान पाउने छन् ।

आयोगले सिफारिस गरेअनुरुप जिल्लामा सबैभन्दा धेरै अनुदान रकम पाउनेमा वालिङ नगरपालिका रहेको छ । वालिङले १५ करोड २९ लाख अनुदान पाउँदा पुतलीबजार नगरपालिकाले १४ करोड १४ लाख पाउने भएको छ । गल्याङ नगरपालिकाले १२ करोड ६५ लाख अनुदान पाउँदा चापाकोट नगरपालिकाले १० करोड ३३ लाख र भीरकोट नगरपालिकाले ९ करोड ९५ लाख अनुदान पाउने भएका छन् । उता गाउँपालिकातर्फ कालीगण्डकी गाउँपालिकाले ९ करोड ३१ लाख पाउँदा बिरुवा गाउँपालिकाले ८ करोड ५५ लाख पाउने छ । आँधीखोला गाउँपालिकाले ८ करोड २१ लाख पाउँछ भने अर्जुनचौपारी गाउँपालिकाले ८ करोड १० लाख पाउने भएको छ । हरिनाश गाउँपालिकाले ८ करोड ७ लाख पाउँदा सबैभन्दा कम फेदीखोला गाउँपालिकाले ७ करोड ६३ लाख अनुदान पाउने भएका छन् ।

आयोगमार्फत विभिन्न १७ सूचकलाई आधार मानेर स्थानीय तहको कार्यसम्पादन मूल्यांकन गरिन्छ । प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ अनुसार प्रदेश र स्थानीय तहको १७ सूचकमा गरिएको मूल्यांकनका आधारमा आयोगले वित्तीय समानीकरणको अनुदान दिन सरकारलाई सिफारिस गर्दै आएको छ ।

संघीय र प्रदेश सरकारले दिने विभिन्न खालका अनुदान तथा आन्तरिक श्रोतबाट संकलन हुने राजश्वको आधारमा स्थानीय तहले आफ्नो बजेट ल्याउने गरेका छन् । जिल्लाका स्थानीय तहको आन्तरिक श्रोत कमजोर हुँदा विकासका गतिविधिमा संघ र प्रदेश सरकारको अनुदानमा भरपर्न बाध्य भएका छन् । भरपर्दो आन्तरिक श्रोत नहुँदा वार्षिक रुपमा उक्त श्रोतबाट गर्न भनिएका घोषित दर्जनौ योजनाहरु घोषणामा सिमित बन्दै आएका छन् ।

# सिर्जना बहिराका विद्यार्थीलाई एनआईएमबीको पोशाक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



एनआईएमबी बैंकले पोखरा महानगरपालिका वडा नं २६ मा रहेको सिर्जना बहिरा आवासिय माध्यामिक विद्यालयका एकसय ८१ बालबालिकालाई आईतबार पोशाक बितरण गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले लेखनाथ शाखा मार्फत बहिरा विद्यार्थीलाई ट्र्याकसुट बितरण गरेको हो । विद्यार्थीलाई पोशाक हस्तान्तरण गर्दै पोखरा महानगरपालिका वडा नं २६ का अध्यक्ष नरेन्द्र थापाले बित्तिय संस्थाले सामाजिक उत्तरदायित्व मार्फत कम अवसर प्राप्त भएका नागरिकका लागि सहयोग गर्नु पर्नेमा जोड दिनु भयो । अध्यक्ष थापाले वित्तिय संस्थाहरुसँग सिसि क्यामेरा, सडक बत्ती र डिजिटल बैंकिङका क्षेत्रमा स्थानीय सरकारको तर्फबाट वडाले सहकार्य गर्न सक्ने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा एनआईएमबी बैंक लिमिटेड अर्घौ शाखाका प्रमुख प्रकाश सिग्देलले शिक्षाको क्षेत्रमा संस्थागत उत्तरदायित्व अर्न्तगत विद्यार्थीलाई पोशाकमा सहयोग गरेको उल्लेख गर्नु भयो । विद्यालय व्यवस्थपन समितिका निर्वतमान अध्यक्ष प्रकाशलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं २६ का वडा सदस्य तिर्थबहादुर राजभाट, निमित्त प्रधानाध्याक राजेन्द्र शर्मा लगायतले मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको संचालन विद्यालयका शिक्षक नवराज अधिकारीले गर्नु भएको थियो ।

# पूर्वी नेपालमा जाउँ है पोखरा अभियान

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ चैत

पोखरा, ८ चैत । आन्तरिक पर्यटन प्रबर्द्धनको मुख्य उद्धेश्य बोकेर यसपटकको जाउँ है पोखरा अभियान पूर्वी नेपालका विभिन्न शहरबाट सुरु हुँदै छ ।

यही चैत ९ देखि १३ गतेसम्म संचालन हुने अभियान अन्तर्गत वीरगंज, विराटनगर, पशुपतिनगर र हेटौंडालाई छनोट गरिएको छ । पोखराका होटलकर्मी, पर्यटन व्यवसायी र संचारकर्मी संलग्न हुने अभियान अन्तर्गत पत्रकार सम्मेलन, छलफल र अन्तरक्रिया, प्रचार सामग्री वितरण र आन्तरिक पर्यटनका प्याकेज सार्वजनिक जस्ता गतिविधि समेटिने संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । पोखरामा आयोजना हुन लागेको २१ औं फेवा नव बर्ष महोत्सवमा सहभागिताका लागि पूर्वी नेपालका वासिन्दालाई निमन्त्रणा प्रदान गर्ने अभिप्राय पनि अभियानले लिएको उनले बताए ।

होटल संघ पोखरा नेपालको अयोजना तथा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय, पोखराको समन्वय तथा सहकार्यमा हुने यस अभियानलाई पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारले सघाएका छन् । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले पोखरा पर्यटनको राजधानी रहेको र यो शहरलाई पर्यटकको पहिलो रोजाइको गन्तव्य बनाउन अभियानले सघाउ पुग्ने विश्वास व्यक्त गरे । पोखरामा धेरै भन्दा धेरै पर्यटक भित्र्याई उनीहरुको बसाई अवधि लम्ब्याएर बसाईलाई थप रमाइलो र उल्लासपूर्ण बनाउन फेवा नव बर्ष महोत्सव सहयोगी हुने पनि उनले बताए । पोखरा पुग्न चाहने पर्यटकलाई यहाँ निर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले थप सहजता थपेको पनि लामिछानेले स्मरण गराए ।

आन्तरिक पर्यटन प्रबर्द्धन नै दिगो पर्यटनको मूल आधार हो भन्ने मान्यता बोकेर २२ बर्षअघि सुरु गरिएको यो अभियानको प्रभाव सकारात्मक पर्दै गएपछि यसलाई संघले निरन्तरता दिएको जनाइएको छ । हवाई र स्थल कनेक्टिभिटिको विस्तार गर्दै पूर्वी नेपाल र पोखराविच पर्यटक तथा व्यवसायको आदानप्रदान गर्ने महत्वपूर्ण उद्धेश्य पनि अभियानले लिएको छ । यसका लागि विगतमा पोखराबाट भद्रपुर र विराटनगर जस्ता शहरसम्म संचालित सिधा हवाई सेवालाई पुनः नियमितता प्रदान गर्न र ती शहरबाट पोखरासम्म स्तरीय पर्यटक बस सेवा संचालनका लागि समेत संघले पूर्वका व्यवसायीसँग सहकार्यको प्रस्ताव राख्ने छ । पर्यटनको राजधानी पोखराको होटल क्षेत्रमा मात्र पाँच खर्ब रुपैयाँ भन्दा बढीको लगानी रहेको, यस क्षेत्रका एक हजार दुई सय होटलमा ४० हजार बिस्तारा रहेको र तिनमा १५ हजार जनाले प्रत्यक्ष रोजगारी पाएको संघको आँकलन छ । नेपाली कला र संस्कृतिको संरक्षण र सम्बर्द्धनको मुख्य उद्धेश्यसहित पर्यटन, संस्कृति र खानालाई जोड दिएर संघले आगामी चैत २९ देखि वैशाख १ गतेसम्म फेवा तालको किनार लेकसाइडमा २१ औं फेवा नव बर्ष महोत्सव आयोजना गर्दै छ । उक्त महोत्सवमा सहभागिताका लागि पूर्वी नेपालका बासिन्दालाई संघले निमन्त्रणा प्रदान गर्ने छ ।

# कास्कीसहित देशभर आर्थिक गणना हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



राष्ट्रिय आर्थिक गणना २०८२ को सन्दर्भमा राष्ट्रिय तथ्यांक कार्यालय कास्कीको आयोजना जिल्लास्तरिय सचेतना गोष्ठी एबम अन्तरक्रीया तथा छलफल कार्यक्रम आइतबार पोखरामा सम्पन्न भएको छ ।

कार्यक्रमको उद्धाटन गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले आर्थिक गणना देशभरमा संचालनमा रहेका आर्थिक क्रियाकलाप संचालन गर्ने आधारभुत बिबरण संकलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने हुँदा समग्र देशको आर्थिक र बिकासको परिसूचकको मापनमा महत्त्वपूर्ण हुने बताउनुभयो । पौडेलले गणना नेपालको वास्तविक अर्थतन्त्रको आकार निर्धारणका लागि थप प्रभाबकारी नीति निर्माणमा समेत सहयोगी हुने बिश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ऋषिराम सिग्देलले २०८३ बैशाख २ गतेदेखि २०८३ असार ७ गते सम्म संचालन हुने आर्थिक गणनाको बारेमा जानकारी दिदै यसका विभिन्न पक्षको बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रममा राष्ट्रिय तथ्यांक कार्यालय कास्कीका प्रमुख नन्दलाल सापकोटाले गणनाको लागि गणक तथा सुपरिबेक्षकहरू प्रतिष्ठानहरूमा भौतिकरूपमा नै उपस्थित भएर गणना गरिने उल्लेख गर्दै सबै पक्षको सहयोगमा गणना सम्पन्न हुने बिश्वास व्यक्त गर्नुभयो ।कास्कीका जिल्ला समन्वय अधिकारी नबराज बरालले भरपर्दो र बिश्वसनिय गणना राष्ट्र निर्माणको आधार तयार गर्ने हुँदा सम्पूर्ण ब्यबस्थापन सहित उत्कृष्ट कार्य सम्पादनमा उत्रिनु पर्नेमा जोड दिनुभयो। कार्यक्रममा सरोकारवाला निकाय, कार्यालयका प्रतिनिधि तथा उध्योग ब्यबसाय सम्बन्धि, संघ, संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागीता रहेको थियो । सचेतना गोष्ठी एबम अन्तरक्रीया तथा छलफल कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।


**Gandaki College of Engineering and Science**

Lamachaur, Pokhara
Phone: 061-440866, Web: www.gces.edu.np
Email: gces@gces.edu.np

## Vacancy Announcement

(First Publication Date: 2082/12/09)

Gandaki College of Engineering and Science (GCES), a prominent not-for-profit institution, is managed by the Gandaki Public Education Trust under the Ministry of Education, Science, and Technology of Nepal. Since its establishment in 1998, the college has consistently delivered high-quality engineering education, specializing in the field of Information and Communication Technology (ICT).

GCES is now inviting applications for the following permanent positions:

| Position | No. of Position | Minimum Academic Qualification |
|---|---|---|
| **Lecturer (Level 8)-Software Engineering** | 1 | A minimum of Masters' degree in Computer Engineering or equivalent with Bachelors of Engineering in Software Engineering or Computer Engineering or equivalent degree. |
| **Lecturer (Level 8)-Computer Engineering** | 1 | |
| **Lecturer (Level 8)-Electronics and Communication** | 1 | A minimum of Masters' degree in Electronics and Communication Engineering or equivalent with Bachelors of Electronics and Communication Engineering or equivalent degree. |
| **Lecturer (Level 8)-Mathematics** | 1 | A minimum of Masters of Science (MSc.) in Mathematics. |

1. **Application Form Fee**:
   - The application form fee of **Rs 2000.00** (Two thousand only) can be paid to **Account No. 1320082930200012** at **Machhapuchhre Bank** in the name of **Gandaki College of Engineering and Science**.
2. **Application Forms**:
   - Application forms are available either from the college office or can be downloaded from the college website: www.gces.edu.np. One applicant can apply for one position only.
   - Along with the application form, candidates need to submit their curriculum vitae, attested academic certificates, experience letter, and other necessary documents.
   - The submission should be made to the college office along with a **cash deposit voucher** within **21 days** from the first publication date of this notice.
3. **Selection Process**:
   - The selection process consists of a **written exam** and an **interview**.
   - The curriculum for the written exam and the evaluation procedure will follow the guidelines of the **Pokhara University Service Commission's Procedure for Teachers 2057 (amended 2079)**.

For further details, please visit the official website of **Gandaki College of Engineering and Science**: www.gces.edu.np.

*(The college reserves its right for the selection process.)*

***Campus Chief***


# एक-अर्काको ...

शर्माको सभापतित्वमा यही चैत ६ गतेदेखि सुरु भएको बैठक आज सम्पन्न भएको हो । बैठकमा उपसभापति शर्माले गर्नुभएको प्रारम्भिक समीक्षा प्रतिवेदनलाई प्राप्त सुझावसमेत समावेश गरी परिमार्जनसहित पारित गरिएको छ ।

यसैगरी बैठकले पश्चिम एसियामा चर्किएको युद्ध चाँडै अन्त्य हुने अपेक्षा गर्दै युद्धग्रस्त क्षेत्रमा लाखौं नेपालीको सुरक्षाका लागि गम्भीरतापूर्वक सक्रिय हुन सरकारको ध्यानाकर्षण गराएको छ। यस्तै, हर्मुज क्षेत्रको बन्दर अब्बास बन्दरगाहमा इरानी सेनाको नियन्त्रणमा परेका नेपाली नागरिक अमृत झालाई मुक्त गरी सकुशल स्वदेश ल्याउन कांग्रेसले सरकारसँग माग गरेको छ । गत भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनका घटनाहरू बारे न्यायिक जाँचवुझ गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगद्वारा बुझाएको जाँचबुझ प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न सरकारसँग बैठकले माग गरेको छ । यसैगरी पेट्रोलियम पदार्थमा गरिएको अत्यधिक मूल्य वृद्धि तथा नियमित आपूर्ति भइरहेको खाना पकाउने एलपी ग्यास वितरणमा बजारमा कृतिम अभाव सिर्जना गरिएकातर्फ कांग्रेसले ध्यानाकर्षण गराउँदै पेट्रोलियम पदार्थको मूल्य घटाउन र एलपी ग्यासको सहज आपूर्तिको व्यवस्थाका लागि पनि माग गरेको छ। आजको बैठकमा उपसभापति पुष्पा भुसाल, महामन्त्रीहरू प्रदीप पौडेल र गुरुराज घिमिरे, सह-महामन्त्रीहरू डा डिला सङ्ग्रौला पन्त, बहादुरसिंह लामा, कर्णबहादुर बुढा, योगेन्द्र चौधरी, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही र मुक्ताकुमारी यादव तथा सदस्यहरू ओमकारप्रसाद श्रेष्ठ, सुरेन्द्रप्रसाद चौधरी, अमृत अर्याल, डा गोपाल दहित, तारामान गुरुङ, राजेन्द्रकुमार केसी, इ मोहन आचार्य, प्रतिमा गौतम, जानकी सिंह, नानु वास्तोला, अजयवावु शिवाकोटी, दिलकुमारी राई, शम्भुलाल श्रेष्ठ, हिमालय कर्माचार्य, नरेन्द्रकुमार केरुङ, दीपकजङ्ग शाह, रेशमबहादुर बानियाँले आफ्नो धारणा राख्नुभएको थियो। यसैगरी सदस्यहरू कृष्णबहादुर केसी, उज्ज्वल बराल, दिपनकुमार श्रेष्ठ, वसन्त भट्टराई, प्रकाश पन्थ, कुसुमदेवी थापा मगर, नगेन्द्र कुमाल, मधु शाही, सीता मिजार, मनकुमारी गुरुङ, नवोदिता चौधरी, प्रवक्ता देवराज चालिसे, प्रदीपराज शर्मा, सुरेशकुमार योञ्ज्या, जगतप्रसाद जोशी, शम्भुबहादुर बुढाथोकी, तिलक रानाभाटले पनि आफ्ना धारणा व्यक्त गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । यसैगरी बैठकमा केन्द्रीय सदस्यहरू राजेन्द्रगोपाल सिंह, प्रेमबहादुर खड्का, डा केदारनरसिंह केसी, प्रमोदहरि गुरागाइँ, तीर्थजङ्ग शाही, धर्मराज गौतम, वजरंग नेपाली, सन्तोषी साउँद ऐरी, गीता सत्याल, शारदादेवी कोइराला, रामानन्दप्रसाद यादव, उमा दाहाल, विष्णुदेवी पाण्डे, रामबहादुर कार्की, रामादेवी खड्का, चिनी पोखरेल, हिमबहादुर रावल, शिवनारायण सिंह गनगाई, छाया सुनार, गङ्गा सुनार, लीला नेपाली, शिवबहादुर सुनार, धर्म नेपाली दर्जी, सूर्यबहादुर विक, दिनेश सुनार, प्रमिला राई, छिन्दुल्होमु शेर्पा, अष्टकुमार कवे, छन्दबहादुर पहराई मगर, भीम श्रीस, बाला अधिकारी, मुना भुसाल, विनिता खड्का, सम्झना खत्री, विजयकुमार स्वाँर, मथुराप्रसाद घिमिरे, जगदीशचन्द्र उपाध्याय, चन्द्रकलाकुमारी यादव, रामपल्टन साह, राधेश्याम पाठक, रामरुप प्रसाद कुर्मी, नरेन्द्रप्रसाद भट्ट र गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# कांग्रेसको विवाद झन बढ्दै

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट बनेका सभापति गगन कुमार थापाले प्रतिनिधिसभा सदस्य निर्वाचनमा भएको पराजयको नैतिक जिम्मेवारी लिएर सभापति पदबाट दिएको राजिनामा अस्वीकृत भएको छ । सभापति पदबाट गगनले दिएको राजिनामा र उपसभापति विश्व प्रकाश शर्माले राजिनामा अस्वीकार गर्ने प्रस्ताव केन्द्रीय कार्यसमितिको बैठकमा पेस भएका थिए । गगनको राजिनामा स्वीकृतका लागि थिएन । राजनीतिक प्रचारबाजीका लागि हो भन्ने आलोचकका भनाइ सही भएको छ । काङ्ग्रेस केन्द्रीय समिति बैठकले सभापति गगनकुमार थापाले दिएको राजीनामा सर्वसम्मत रूपमा अस्वीकृत गरेको छ ।

ललितपुरको सानेपास्थित केन्द्रीय कार्यालयमा उपसभापति विश्वप्रकाश शर्माको अध्यक्षतामा चैत ६ देखि ८ गतेसम्म चलेको बैठकले निर्वाचन पराजयको नैतिक जिम्मेवारी लिँएदै सभापति थापाले पेस गरेको राजीनामा समर्थकबाट फिर्ताका लागि दबाब परेको देखाउनका लागि हो । बैठकले सभापतिको राजीनामा अस्वीकृत गर्नुका पछाडि मुख्य आठवटा आधारहरू प्रस्तुत गरेको छ । निर्वाचनमा व्यहोरेको हारको मुख्य कारण नेतृत्वको व्यक्तिगत कमजोरी नभई संरचनागत समस्या र नियन्त्रणबाहिरका परिस्थिति रहेको बैठकको निष्कर्ष छ ।

वर्तमान जटिल राजनीतिक अवस्थामा थापाकै नेतृत्व आवश्यक रहेको, राजीनामाले पार्टीमा अस्थिरता र कार्यकर्ताको मनोबल गिराउने तथा 'कांग्रेस २.०' सुधार कार्यक्रमलाई निरन्तरता दिनुपर्ने भएकाले राजीनामा फिर्ता गरिएको प्रवक्ता देवराज चालिसेले प्रेस विज्ञप्ति जारी गरेर उल्लेख गरिएको छ । निर्वाचन परिणामको समीक्षा गर्दै उपसभापति शर्माले प्रस्तुत गरेको २७ बुँदे प्रारम्भिक प्रतिवेदनलाई परिमार्जनसहित पारित गरिएको छ। समीक्षाअनुसार चरम गुटबन्दी, गठबन्धन सरकारको कमजोर कार्यसम्पादन, पुराना शक्तिप्रतिको जनआक्रोश र डिजिटल युगमा नयाँ शक्तिहरूको उदयका कारण कांग्रेसले अपेक्षित नतिजा ल्याउन नसकेको ठहर गरिएको छ। नयाँ नेतृत्वलाई जनताले पत्याएको थिएन । जुन निर्वाचन परिणामले नै छर्लङ्ग पारेको छ ।

जिल्ला र क्षेत्रबाट प्राप्त हुने प्रतिवेदनलाई समेत एकीकृत गरी थप विश्लेषण गरिने पार्टीले जनाएको छ । अबको मुख्य कार्यदिशा १५औं महाधिवेशन हुने गरी कांग्रेसले आफ्नो ध्यान केन्द्रित गरेको छ। आगामी महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन, विधान संशोधन र सांगठनिक पुनर्संरचना गर्दै पार्टीलाई नयाँ ढंगले अघि बढाउने रणनीति लिइएको छ । यसका लागि सम्पूर्ण कार्यकर्तालाई उच्च मनोबलका साथ पार्टी एकता सुदृढ गर्न र अनुशासनमा रहन आह्वान गरिएको छ । पार्टीले निर्वाचन प्रक्रियामा सहभागी उम्मेदवार, कार्यकर्ता र मतदाताप्रति आभार प्रकट गर्दै विजयीहरूलाई बधाई ज्ञापन गरेको छ । प्रतिकूल परिस्थितिका बाबजुद कांग्रेसलाई मत दिने मतदाताहरूको सन्देशलाई गम्भीरतापूर्वक आत्मसात गर्ने प्रतिबद्धता बैठकले व्यक्त गरेको छ । निर्वाचन परिणामलाई कांग्रेसले पार्टी पुनर्जागरण र नवनिर्माणको अवसरका रूपमा उपयोग गर्ने संकल्प गरेको छ ।

समसामयिक विषयमा निर्णय गर्दै कांग्रेसले मध्यपूर्वमा जारी युद्धप्रति चिन्ता व्यक्त गरेको छ। युद्धग्रस्त क्षेत्रमा रहेका नेपालीहरूको सुरक्षा सुनिश्चित गर्न र इरानी सेनाको नियन्त्रणमा रहेका नेपाली नागरिक अमृत झालाई सकुशल स्वदेश फर्काउन सरकारसँग माग गरिएको छ । यस्तै, २०८२ भदौमा भएको 'जेन-जी' प्रदर्शनबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न पनि बैठकले सरकारको ध्यानाकर्षण गराएको छ । काङ्ग्रेस भित्र चर्किएको विवादले पनि अहिले सतहमा आएका समाचारले स्पष्ट पारिदिएको छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : झमेला बड्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रधानमन्त्री कप क्रिकेटः एपीएफ विजयी

**रासस**
काठमाडौं, ३ चैत

प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा एपीएफ क्लबले बागमती प्रदेशलाई पराजित गरेको छ ।

काठमाडौँको माथिल्लो मुलपानी क्रिकेट मैदानमा आज भएको खेलमा एपीएफले बागमती प्रदेशलाई ७१ रनले पराजित गरेको हो । दुई सय ७२ रनको लक्ष्य पछ्याएको बागमती प्रदेशको पारी ४५.१ ओभरमा सबै विकेट गुमाउँदै २०० रनमै समेटियो । बागमतीका लागि विवेक मगरले ३४ रन, उत्तम मगरले २६, सुबास खत्रीले २७ रन तथा रिजन ढकालले अविजित २० रन जोडे । बलिङतर्फ एपीएफका रोहित पौडेल र अभिषेक गौतमले तीन/तीन तथा युवराज खत्री, नन्दन यादव र कमलसिंह ऐरीले एक एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको एपीएफले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २७१ रन बनायो । एपीएफका लागि आसिफ शेखले सर्वाधिक ११४ रनको योगदान दिए । उनले १४ चौका र ३ छक्का प्रहार गरे । त्यस्तै सन्दीप जोराले ५२, लोकेश बमले २९, युवराज खत्रीले अविजित २६ तथा कप्तान रोहित पौडेलले ९ रन बनाए । बलिङतर्फ बागमतीका रिजन ढकालले चार, इसान पाण्डेले दुई तथा सन्दिप लामिछाने र सोनु देवकोटाले एक एक विकेट लिए ।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपीएफ क्लब तथा सात प्रदेश सहभागी छन् । शनिबारदेखि सुरु भएको प्रतियोगिताको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख प्राप्त गर्नेछन् ।

# वर्षासँगै ह्वात्तै घट्यो वायु प्रदूषण

**रासस**
काठमाडौं, ३ चैत

शुक्रबारदेखि मुलुकका अधिकांश स्थानमा परेको वर्षासँगै वायु प्रदूषण उल्लेखनीय रूपमा घटेको छ ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई) को तथ्याङ्क विश्लेषण गर्दा, सात दिनअघि मात्र वायु प्रदूषण १७८ एक्युआई पुगेर काठमाडौँ विश्वकै दोस्रो प्रदूषित सहरको सूचीमा थियो । आज भने वायु प्रदूषण घटेर ६० एक्युआईमा झरेको छ । योसँगै काठमाडौँ विश्वका प्रदूषित सहरको सूचीमा ६७औँ स्थानमा छ ।

एक्युआई मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्छ । एक सय एकदेखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेष गरी श्वासप्रश्वास तथा मुटुरोगीलाई असर गर्नसक्छ । यस्तै १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि ' अत्यन्त खतरनाक' मानिन्छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले शुक्रबार र शनिबार हावाहुरीसहित परेको वर्षाका कारण वायु प्रदूषण घटेको बताउनुभयो । उहाँका अनुसार वर्षाले हावामा रहेका धुलो तथा प्रदूषणका कणलाई जमिनमा झार्न मद्दत गर्छ भने हावाहुरीले ती कणलाई उडाएर अन्यत्र लैजाने हुँदा प्रदूषण कम हुन्छ ।

"यदि लामो समयसम्म वर्षा भएन र मौसम सुक्खा रह्यो भने वायुमण्डलमा धुलोका कण थुप्रिँदै जान्छन्", महानिर्देशक सुवेदीले भन्नुभयो, "काठमाडौँ कचौरा आकारको सहर भएकाले प्रदूषण सजिलै बाहिर निस्कन सक्दैन ।"

# नेकोस जुडोमा टोली च्याम्पियन बने पाम र एमएमएसी

**रासस**
काठमाडौं, ३ चैत

नेपाल खेलकुद महासङ्घ (नेकोस) आठौँ अन्तरराष्ट्रिय जुडो प्रतियोगितामा बन्दी सहायता नियोग (पाम) र एमएमएसी टोली च्याम्पियन बनेका छन् ।

पाम जुनियर तथा एमएमएसी क्योडटमा च्याम्पियन बनेका हुन् । नयाँ बजारस्थित बहुउद्देश्यीय मार्सल आर्ट्स केन्द्र (एमएमएसी) मा आज भएको प्रतियोगितामा पामले चार स्वर्ण र एक रजत जित्यो । दुई स्वर्णसाथ बङ्गलादेश क्रिरा शिखा दोस्रो तथा एक स्वर्ण र तीन रजतका साथ दाङ जुडो डोजो तेस्रो भए ।

नेकोसअन्तर्गत राष्ट्रिय जुडो सङ्घ नेपालद्वारा आयोजित प्रतियोगिताको क्याडेटमा टोली च्याम्पियन बनेको एमएमएसीले छ स्वर्ण, पाँच रजत र आठ कास्य हात पार्‍यो । पाँच स्वर्ण, तीन रजत र चार कास्यसहित पाम दोस्रो भयो । तेस्रो स्थानको पेल्खिल डोजो क्लब भुटानले तीन स्वर्ण, एक रजत र दुई कास्य प्राप्त गर्‍यो ।

जुनियर क्याडेट दुवैमा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः रु १५ हजार, रु १० हजार र रु पाँच हजारका दरले नगद पुरस्कार पाए । बी एन्ड टी ट्रेडिङ कम्पनी लिमिटेड (होकाइडो, जापान) को मुख्य प्रायोजनमा भएको प्रतियोगिताको जुनियर पुरुषमा पामका सविनकुमार दियाली तथा महिलामा बङ्गलादेशकी फबिहा बुश्रा उत्कृष्ट खेलाडी घोषित भए । क्याडेटको पुरुषमा एमएमएसीका प्रिन्स विक तथा महिलामा पेल्खिल, भुटानकी तान्डिन दोर्जी वाङमो उत्कृष्ट खेलाडी चुनिए । आ-आफ्नो स्पर्धाका स्वर्ण विजेता उत्कृष्ट चारैले जनही रु पाँच हजार नगद पुरस्कार प्राप्त गरे । कविराम घर्ती मगर उत्कृष्ट निर्णायक बने ।

प्रतियोगिताको अन्तिम दिन आइतबार जुनियरतर्फ नौ स्पर्धाका फाइनल भए । पुरुष ५५ केजीमुनि एमएमएसीका शिव बराइली, ६६ केजीमुनि पामका दिपेश गुरुङ, ८१ केजीमुनि रेशन बस्नेत, ९० केजीमाथि गण्डकी जुडोका विज्ञान खत्री, ६० केजीमुनि पामका सविनकुमार दियाली र ७३ केजीमुनि बङ्गलादेश क्रिराका साहिन अहमदले स्वर्ण जिते ।

महिला ४४ केजीमुनि पामकी रमा समत, ५२ केजीमुनि पामकै निशा श्रेष्ठ र ७० केजीमाथि बंगलादेश क्रिराकी फबिहा बुश्रा पहिलो भए । विजेतालाई त्रिभुवन विश्वविद्यालय खेलकुद विज्ञान विभागका प्रमुख पशुपति अधिकारी, प्रा डा रामकृष्ण महर्जन, आयोजक सङ्घका अध्यक्ष धर्मकुमार श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो ।

# मुदीमा वडा कार्यालय र स्वास्थ्यचौकीको भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ चैत

यहाँको धवलागिरि गाउँपालिका-४ मुदीमा वडा कार्यालय र स्वास्थ्यचौकीको भवन निर्माण भएको छ ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुन र उपाध्यक्ष रेशम पुनमगरले शनिबार दुईवटै भवनको उद्घाटन गर्नुभयो । भूकम्पप्रतिरोधी क्षमताका दुई-दुईतले दुईवटै भवन अपाङ्गमैत्री छन् ।

ती भवन निर्माणमा रु एक करोड ७४ लाख खर्च भएको छ । दुईतले सातकोठे स्वास्थ्यचौकीको भवन निर्माणमा रु ८९ लाख ६८ हजार खर्च भएको गाउँपालिकाले जनाएको छ। स्वास्थ्यचौकीको भुइँ तलामा उपचार, औषधि भण्डारण, प्रशासन, स्वाथ्यकर्मीको कार्यकक्ष छन् । पहिलो तलामा स्वास्थ्यकर्मीहरूको आवासका लागि दुईवटा कोठा छन् ।

स्वास्थ्यचौकी निर्माण भएपछि सेवा प्रवाह सहज भएको छ । यसअघि वडा कार्यालय र स्वास्थ्यचौकी एउटै साँघुरो भवनबाट सञ्चालन गर्दा सेवा प्रवाहमा समस्या भएको थियो । सभाहलसहितको दुईतले वडा कार्यालयको भवन निर्माणका लागि भगवती कन्ट्रक्सनले रु ८४ लाख ९६ हजारमा ठेक्का सम्झौता गरेको थियो ।

यसअघि बुद्धिविकास माविको पुरानो कक्षा कोठा भवनबाट वडा कार्यालय सञ्चालन गरिएको छ । वडाध्यक्ष यामबहादुर घर्तीका अनुसार भवन बनाउन मुदीका पूर्वप्रधानपञ्च गङ्गलाल घर्तीले दुई रोपनी १६ आना र रेशमबहादुर घर्तीले तीन आना जग्गा निःशुल्क उपलब्ध गराउनुभएको थियो । उद्घाटन समारोहमा जग्गादातालाई सम्मान गरिएको छ ।

भुइँतलामा शौचालय, सयनकक्ष र चारवटा कोठा रहेको भवनको माथिल्लो तलामा सभाहल बनाइएको छ । धवलागिरि गाउँपालिकाले यसअघि लुलाङको लमसुङ, ताकम, मराङ र मल्कवाङमा वडा कार्यालय भवन निर्माण गरिसकेको अध्यक्ष पुनले बताउनुभयो ।

साविक मुना गाविसको भवनबाट सञ्चालन भइरहेको गाउँपालिकाको स्थायी केन्द्र घट्टेखोलामा प्रशासकीय भवन निर्माणको अन्तिम चरणमा पुगेको छ । गुर्जाबाहेकका वडा कार्यालय आफ्नै भवनबाट सञ्चालन भएका छन् । धवलागिरि गाउँपालिकाले वडा नं १ गुर्जा र वडा नं ३ मुनामा पनि स्वास्थ्यचौकीको नयाँ भवन निर्माण गरेको उपाध्यक्ष पुनमगरले बताउनुभयो । वडा नं ७ ताकममा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माणाधीन छन् । वडा नं २, ५ र ६ मा रहेका स्वास्थ्यचौकीमा यसअघि नै भवन निर्माण भएका थिए ।

# पोखरा आदर्शमा वित्तीय सचेतना र नागरिक सुरक्षा ज्ञान

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत




पोखरा महानगरपालिका-१, बगरमा अवस्थित पोखरा आदर्श सेकेण्डरी स्कुलले आफ्ना विद्यार्थीहरूलाई वित्तीय साक्षरता र नागरिक सुरक्षा सम्बन्धी व्यवहारिक ज्ञान प्रदान गरेको छ।

विद्यालयले एन आइ सी एसिया बैंक सँगको सहकार्यमा आयोजना गरेको वित्तीय शिक्षा कार्यक्रममा विद्यार्थीहरूलाई बैंकिङ प्रणालीसँग जोडिएर कारोबार गर्दा आर्थिक अनुशासन कायम हुने सन्देश दिइएको थियो । कार्यक्रममा बैंकका प्रतिनिधिहरू सजला बाटाजु, किरण धरेल, पूजा न्यौपाने र अनिल बास्तोलाले सहजीकरण गरेका थिए । आइतबार सम्पन्न कार्यक्रममा आर्थिक अनुशासन, सेयर बजार, डिम्याट खाता लगायतका विषयमा जानकारी दिइएको थियो ।

कक्षा ११ व्यवस्थापन संकायका विद्यार्थीहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रमबारे जानकारी दिँदै बिहानी सत्र संयोजक कुशल तिमिल्सिनाले पछिल्लो समय डिजिटल माध्यमबाट बैंकिङ कारोबार बढ्दै जाँदा ठगीका घटनाहरू पनि बढिरहेको उल्लेख गरे । उनले यस्ता वित्तीय साक्षरतामूलक कार्यक्रमले आर्थिक अपराध न्यूनीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गरे । अन्तरक्रियामा सहभागी विद्यार्थीहरूले राष्ट्र बैंकको भूमिका, बैंकिङ प्रणालीका कार्यहरू, देखिएका समस्या तथा नेपालको अर्थतन्त्रमा बैंकिङ क्षेत्रको योगदानबारे जिज्ञासा राखेका थिए । विद्यालयका निर्देशक नारायण न्यौपानेले वित्तीय ज्ञान अभावका कारण विद्यार्थीहरू ठगीमा पर्ने तथा आर्थिक अनुशासन कमजोर हुने समस्या देखिएकाले यस्ता कार्यक्रम प्रभावकारी हुने बताए ।

यसैबीच, विज्ञान संकायका कक्षा ११ का विद्यार्थीहरूलाई जिल्ला प्रहरी कार्यालय कास्की को अवलोकन भ्रमण गराइएको छ । सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा पोखरा-१, बगरको सहकार्यमा सम्पन्न 'प्रहरीसँग एक दिन' कार्यक्रममार्फत विद्यार्थीहरूलाई प्रहरीको कार्यशैली र सेवा प्रवाहबारे प्रत्यक्ष जानकारी दिइएको विज्ञान संकाय संयोजक बलराम सुवेदीले बताए । भ्रमणका क्रममा एक रोचक संयोग पनि जुरेको थियो । सोही विद्यालयका विद्यार्थी सुजन सुवेदीले आफ्नो हराएको मोबाइल फिर्ता पाएका छन् । उनले वि.सं. २०८२ असोजमा हराएको ' आईफोन १२' सम्बन्धमा दिएको निवेदनका आधारमा प्रहरीले उक्त मोबाइल फेला पारी सुरक्षित राखेको थियो। सम्पर्क अभावका कारण हस्तान्तरण हुन नसकेको मोबाइल आजै भ्रमणका क्रममा उनलाई बुझाइएको हो । लामो समयपछि आफ्नो मोबाइल फिर्ता पाउँदा सुवेदीले प्रहरीप्रति आभार व्यक्त गरेका थिए । कार्यक्रम अध्यक्ष रामप्रसाद अधिकारीको नेतृत्व तथा सचिव कृष्णबहादुर तामाङको संयोजनमा सम्पन्न भएको थियो। विद्यार्थीहरूले नागरिक सहायता कक्ष, निवेदन शाखा, प्रहरी परिचालन कक्ष, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, अपराध अनुसन्धान शाखा, साइबर शाखा लगायतका महत्वपूर्ण इकाइहरूको अवलोकन गरेका थिए । उक्त अवसरमा प्रहरी निरीक्षक गणेश पाण्डेले प्रहरीको काम, कर्तव्य तथा जिम्मेवारीबारे विस्तृत जानकारी दिँदै शान्ति सुरक्षा कायम राख्न र अपराध अनुसन्धानमा प्रविधिको प्रयोगबारे प्रकाश पारेका थिए । साथै, सचेत नागरिकको भूमिकाको महत्त्वसमेत औंल्याइएको थियो । कार्यक्रम विद्यालयका उप-प्राचार्य तथा लोकगायक ज्ञानेश्वर सुवेदी ले सञ्चालन गरेका थिए । उनले प्रारम्भमा लोकगीत प्रस्तुत गर्दै कार्यक्रमलाई उत्साहपूर्ण बनाएका थिए । उनका अनुसार विद्यालयले यस महिना विद्यार्थीको सीप तथा ज्ञान अभिवृद्धिमा केन्द्रित विभिन्न कार्यक्रमहरू–अन्तरक्रिया, पूर्व विद्यार्थी भेटघाट, खाना महोत्सव तथा सांस्कृतिक गतिविधिहरू–निरन्तर सञ्चालन गरिरहेको छ ।

# ज्येष्ठ सदस्य केसीले राष्ट्रपति समक्ष शपथ लिने

**रासस**
काठमाडौं, ८ चैत

प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ लिनुहुने भएको छ ।

ज्येष्ठ सदस्य केसीले राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेलसमक्ष बुधबार बिहान ११:१५ बजे पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम तय भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

नवनिर्वाचित सांसद केसीले सभामुख निर्वाचित नभएसम्म ज्येष्ठ सदस्यको हैसियतमा प्रतिनिधिसभा सञ्चालन गर्नुहुने छ । नेपाली कांग्रेसबाट समानुपातिकतर्फ निर्वाचित ७८ वर्षीय केसीले यही चैत १२ गते सङ्घीय संसद भवनमा प्रतिनिधिसभाका अन्य २७४ सांसदलाई पद तथा गोपनीयताको शपथ गराउनुहुनेछ ।

# बस्ती संरक्षण गर्न १४ स्थानमा तटबन्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ चैत

चालु आर्थिक वर्षमा बागलुङका १४ स्थानमा बस्ती संरक्षणका लागि तटबन्ध गर्न थालिएको छ। बर्खाको समयमा कटानको जोखिममा रहेकाले बस्ती संरक्षण गर्न थालिएको हो।

गण्डकी प्रदेशले चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत तटबन्धन तथा नदी नियन्त्रण गर्न थालिएको हो। गत वर्ष २५ स्थानमा तटबन्ध गरिएको थियो। यस वर्ष बागलुङ नगरपालिकाको दुई, गलकोट नगरपालिकाको ६, बडिगाड गाउँपालिकाको तीन, ढोरपाटन नगरपालिकाको एक र बरेङ गाउँपालिकाको दुई स्थानमा तटबन्ध गर्न थालिएको हो।

रु एक करोड ३० लाख लागतमा १४ स्थानमा तटबन्ध गरिने जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका सूचना अधिकारी सुवोध नेपालले जानकारी दिनुभयो। उहाँका अनुसार बागलुङ-३ सिगाला र वडा नं १२ गङ्गेखाल्टामा तटबन्ध गरिने छ। सबैभन्दा बढी तटबन्ध गलकोटमा हुँदै छ। गलकोट-५ मा खहरेखोला, वडा नं ९ को दरमखोला, वडा नं ३ गौदीखोला र दरमखोला, वडा नं २ को नरेठाँटीखोला र वडा नं ११ को काउछेरिगमा तटबन्ध गर्न थालिएको छ। बडिगाड गाउँपालिका-५ र ६ मा बडिगाड खोला तथा खहरेखोला, ढोरपाटन-५ स्थित भुजीखोलामा तथा बरेङ गाउँपालिका-२ स्थित हुग्दिखोलाको दुई स्थानमा तटबन्ध गरिने सूचना अधिकारी नेपाल बताउनुहुन्छ। उहाँले भन्नुभयो, "प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट १४ स्थानमा बस्ती संरक्षण गर्नेगरी तटबन्धको काम सुरु भएको छ, अधिकांश योजनाको सम्झौता गरेर काम अगाडि बढेका छन्, केही योजना सम्झौताकै चरणमा रहेका छन्।" गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले बर्खामा साना तथा ठूला खोलामा पानीको सहत बढ्दा बस्ती नै जोखिममा परेको हुँदा पछिल्लो केही वर्षदेखि बस्ती संरक्षणको काम गर्दै आएको बताउनुभयो।

नगरपालिका र प्रदेश सरकारको लगानीमा दरमखोला तथा गौदीलोखाको विभिन्न क्षेत्रमा तटबन्धनको काम गर्दै आएको उहाँको भनाइ छ। प्रदेश सरकारको लगानीमा यस वर्ष गलकोटमा रु ५५ लाखको लागतमा ६ तटबनध गर्न थालिएको छ।

# हिमपातले किसानलाई राहत

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ चैत



मुस्ताङमा जारी सिजनको छैटौँपटकको हिमपातले यहाँका किसान र पशुपालक व्यवसायीलाई राहत मिलेको छ। यस वर्ष अनुकूल समयमा पटकपटक हिउँ परेकाले यहाँका किसान र पशुपालक व्यवसायीले राहतको महसुस गरेका हुन्।

शुक्रबार राति माथिल्लो मुस्ताङसहित मुक्तिनाथ क्षेत्रलगायतका विभिन्न स्थानमा भारी हिमपात भएको हो। घरपझोङ र थासाङ गाउँपालिकामा भने उच्च लेकमा हिमपात भयो भने, बस्ती क्षेत्रमा वर्षा भएको हो। शुक्रबार राति परेको भारी हिमपातका कारण माथिल्लो मुस्ताङ, वारागुङ मुक्तिक्षेत्रसहित घरपझोङ र थासाङ क्षेत्रका उच्च लेकका चरन क्षेत्र पूरै हिउँले ढाकिएका छन्। मुक्तिक्षेत्र र माथिल्लो मुस्ताङमा बस्तीमा हिमपात भएकाले खेतीयोग्य भूभाग सबै हिउँले ढाकिएका छन्। घरपझोङ गाउँपालिका-५ ठिनी गाउँमाथि ठूलो चरन क्षेत्र रहेको उच्च लेक सेताम्मे हिउँले ढाकिएको छ। घरपझोङ-५ ठिनीका पशुपालक किसान च्याङबहादुर थकालीले हिउँले ठिनी गाउँमाथिको झ्प्सा, यारुझो भ्यूटावर, नमखुलेक र तिलिचो पदमार्गको मेसोकोन्दो पास पूरै सेताम्मे भएको जानकारी दिनुभयो।

पछिल्लो समय जलवायु परिवर्तनका कारण अनुकूल समयमा हिउँ नपर्दा उच्च लेकका चरन क्षेत्रमा घाँस अभाव हुने गरेकामा यस वर्षको हिउँले स्थानीय पशुपालक किसानलाई राहत मिलेको च्याङबहादुर थकाली बताउनुहुन्छ। हुरीबतासबिनाको हिउँ परेकाले चरन क्षेत्रमा पूरै हिउँले ढाकिँदा पर्याप्त मात्रामा पशुचौपायाका लागि घाँस पलाउने उहाँको भनाइ छ। मुस्ताङमा विगत तीन वर्षदेखि निरन्तर अनुकूल समयमा हिउँ नपर्दा चरन क्षेत्रमा घाँस अभाव हुनाले पशुपालन व्यवसाय नै सङ्कटमा पर्न थालेको उहाँको भनाइ छ। जलवायु परिवर्तनका कारण उच्च लेकमा जमिनको तापमान वृद्धि हुँदा हिमनदी र पानीका मुहान सुक्दै जान थालेकाले उच्च लेकमा अनधिकृत घाँस पलाउने गर्दा पशुचौपायालाई असर पुर्याउने गरेको किसान थकालीले उल्लेख गर्नुभयो। त्यसैगरी, अनुकूल समयमा हिमपात भएकाले चरन क्षेत्रमा पर्याप्त घाँस हुने भएकाले हिउँ चितुवाको आहारा प्रजाति बस्ती नझर्ने भएकाले वन्यजन्तुको जोखिमसमेत कम हुने किसान थकालीको भनाइ छ। यस्तै, यस वर्षको अनुकूल हिमपातले यहाँका कृषि पेसा अपनाउँदै आइरहेका किसानलाई पनि ठूलो राहत पुर्याएको छ। अनुकूल समयमा परेको हिउँ लामो समयसम्म स्थिर रहने भएकाले खेतीयोग्य जमिनको भित्री तहसम्म रिचार्ज भई सिञ्चित हुने भएकाले हिउँदयामको हिउँ किसानका लागि बरदान भएको थकालीले सुनाउनुभयो।

खेतबारीमा उत्पादन हुने रैथाने उवा, जौँ, गहुँ र हरियो तरकारी रोपण गरिएको छ, स्याउको पनि फूल फुल्ने बेला हुँदैछ, उहाँले भन्नुभयो, यसपटक लगातार छपटकसम्म परेको हिउँले पूरै जमिनलाई चाहिने आवश्यक तत्व प्राप्त भइसकेको छ, स्याउको फूल फुल्ने बेला हिउँ नपरोस्।" अनुकूल समयमा परेको हिउँले अन्नबाली र फलफूलखेतीमा लाग्ने विभिन्न रोग कीराको सङ्क्रमणलाई न्यूनीकरण गर्ने भएकाले हिउँ अन्नबाली र फलफूल उत्पादनका लागि अर्ग्यानिक विषादी भएकाले यहाँका किसान उत्साहित भएको उहाँले जनाउनुभयो।

मुस्ताङमा पर्यटकीययाममा जारी सिजनको छैटौँपटक हिमपात भएकाले मुस्ताङ भ्रमण गर्ने पर्यटक पनि उत्साहित भएको पाइएको छ। किसान थकालीले पर्यटकयाममा मुस्ताङमा हिमपात भएकाले हिउँ हेर्न र हिउँ खेल्ने उद्देश्यसहित मुस्ताङ भ्रमण गर्ने पर्यटकको सङ्ख्यामा वृद्धि हुने दाबी गर्नुभयो।

# अमर ज्योति पूर्व विद्यार्थी समाजमा कृष्णकुमार चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



गोरखाको लुईंटेलमा रहेको अमर ज्योति जनता माविका भुतपूर्व विद्यार्थीहरुको भेला पोखरामा सम्पन्न भएको छ।

सो विद्यालयमा अध्ययन गरी गण्डकी प्रदेश आसपासका क्षेत्रमा रहेका पूर्व विद्यार्थीहरुको भेलाले कृष्णकुमार श्रेष्ठको संयोजकत्वमा अमरज्योति पुर्व विद्यार्थी समाज पोखराको तदर्थ समिति गठन गरेको छ। तदर्थ समितिको सदस्यहरूमा उमेशचन्द्र देवकोटा, हरि ढकाल, मनोज भट्ट र नरेश देवकोटा चयन भएका छन्। अन्य पदाधिकारी तथा सदस्यहरु आवश्यकता अनुसार थप गर्न सकिने नवनिर्वाचित संयोजक श्रेष्ठले जानकारी दिए।

सोही भेलाले सल्लाहकारहरुमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश सरकारका नीति तथा योजना आयोगका उपाध्यक्ष डा.कृष्णचन्द्र देवकोटा र शिवलाल धिताल चयन गरेको छ। कार्यक्रमा अमरज्योति पुर्व विद्यार्थी समाज साजाका केन्द्रीय अध्यक्ष ई. कृष्णप्रसाद देवकोटा, महासचिव ई. टोप बहादुर बाँनिया, कोषाध्यक्ष गौतमराज न्यौपाने तथा सदस्य ई.रामशरण आचार्यले प्रदेशमा गठन भएको समितिले विद्यालयको समग्र विकासमा केन्द्रीय समितिसँगको सहकार्यमा अघि बढ्ने बताए। संयोजक कृष्णकुमार श्रेष्ठले विद्यालयको सर्वाङ्गिण विकास र पुर्व विद्यार्थीहरुमा पारिवारिक एवं भावनात्मक सम्बन्ध विकास गर्ने उदेश्यले समाजको गण्डकी शाखा गठन गरिएको जानकारी दिए। उनले समितिलाई पुर्णता दिई, छिट्टै त्यस क्षेत्रको शैक्षिक तथा भौतिक विकासमा लाग्ने बताए। देशकै पुरानो विद्यालय अमर ज्योति जनता माविमा अध्ययन गरेका थुप्रै विद्यार्थी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा ख्याति कमाएका छन्।

# त्रिवेणी कलेजमा ६४ प्वाइन्ट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ ले आइतबार आयोजना गरेको रक्तदान कार्यक्रममा ६४ प्वाइन्ट रगत संकलन भएको छ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्ण कुमार गुरुङ्गले पहिलो रक्तदाता पोखरा विश्वविद्यालयका सिनेटर एवं ३८ औं पटक रक्तदान गरेका सुरजजंग राणालाई ब्लड व्याग हस्तान्तरण गरेर शुभारंभ गरेका थिए। अध्यक्ष गुरुङ्गले पहिलो पटक रक्तदान गर्नेहरुलाई हौसला र सकरात्मक धारणा बनाउन सहयोग पुग्ने गरी सचेतता अभियान चलाउनु पर्नेमा जोड दिए। रक्तदाताको लगत राखी दुर्लभ रक्त समूहलाई रिजर्भमा राख्न वडाध्यक्ष गुरुङ्गले आग्रह गर्नु भयो। कलेजका अध्यक्ष सुमन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमा क्याम्पस प्रमुख डिल्लीराम पौडेल, विद्यार्थी कल्याणकारी समितिका अध्यष बिबेक के.सी, पूर्व विद्यार्थी मञ्चका अध्यक्ष असिम पाण्डे, कलेजका सल्लाहकार छत्रधर आत्रेय, संचालक शान्ति खनाल, रक्त संचार केन्द्रका प्रमुख अर्जुन ज्ञवाली र सहायक क्याम्पस प्रमुख सुनिदत्त बरालले रक्तदानको महत्वका बारेमा बोलेका थिए। कार्यक्रममा नयाँ रक्तदाताका रुपमा कलेजका व्यवस्थापन विषय अर्न्तगत स्नातक र स्नाकोत्तर तहका विद्यार्थीहरुले सहभागिता जनाएका थिए।

# जातीय विभेद उन्मूलन दिवस स्याङ्जामा मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



समाजमा हुने जातीय विभेद विरुद्ध स्याङ्जामा आवाज उठेको छ।

गण्डकी प्रदेश सरकार अन्तर्गतको एकीकृत सेवा कार्यालय स्याङ्जाले अन्तराष्ट्रिय जातीय विभेद उन्मुलन दिवसको अवसरमा भिरकोट नगरपालिका वडा नं. ९ स्थित सिर्कोटमा आयोजित कार्यक्रममा विभेद विरुद्ध समानताको लागि विभिन्न नारा लेखीएको प्लेकार्ड बोकेर प्रभातफेरी कार्यक्रम पश्चात् आयोजित अन्तरक्रिया र अभिमुखिकरण कार्यक्रममा बोल्दै भिरकोट नगरपालिका उपप्रमुख भगवती रेग्मी अर्यालले समाजमा हुने कुनै पनि किसिमको विभेद विरुद्ध आवाज उठाउनु पर्ने कुरामा जोड दिदैं यस्ता रचनात्मक कार्यक्रमले सिंगो सामाजमा सकरात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गर्नु भयो।

एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलले सामाजिक न्याय र समानतामूलक समाज निर्माणमा सबैको हातेमालो आवश्यक रहेको औँल्याउदै सरकारले पछी परेका समुदायको जीवनस्तर माथी लैजान सीप विकास र उत्पादनमूलक कार्यक्रम मा जोड दिने बताउनु भयो।

उहाँले अझै पनि देशका विभिन्न क्षेत्रमा जातीय भेदभावका घटना सुनिने गरेको हुदाँ सचेतना सहितको शिक्षा र प्रभावकारी कानूनको कार्यान्वयनमा जोड दिनु भयो।

कार्यक्रममा भिरकोट नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष नन्दलाल खनाल, वडा नं. ९ का वडा अध्यक्ष भिमबहादूर गुरुङले समाजमा कुनै प्रकारको विभेद सिर्जना हुन नदिइने बताउनु भयो।

आमासमूह, नागरिक समाज, विद्यार्थी, स्थानीय बासिन्दाको सहभागितामा सम्पन्न कार्यक्रममा साहित्य र सिर्जना मार्फत् समानताको आवाजको लागि विभिन्न गीत, कविता, नृत्य प्रस्तुत गर्ने सहभागिहरुलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो।

एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन विष्णुमाया काफ्लेले गर्नु भएको थियो। संयक्त राष्ट्र संघले सन् १९६५ मा जातीय विभेद उन्मुलन सम्बन्धि महासन्धि पारित गरेको अवसरमा हरेक वर्ष मार्च २१ मा अन्तराष्ट्रिय जातीय विभेद उन्मूलन दिवस मनाइन्छ।


**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**मातृशिशु मितेरी प्रादेशिक अस्पताल**
**पोखरा, कास्की, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/०९ गते)

गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्कीमा चालु आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्मको लागि सेवा करारमा निम्न पदहरु पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरिएको छ।

तपशिल

| सि.न. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | माग पद संख्या | नियुक्ति हुने प्रकार |
|---|---|---|---|---|---|---|
| १ | १४/०८२-८३ | स्टाफ नर्स | पाचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | १ (एक) | प्रदेश करार |
| ३ | १५/०८२-८३ | स्टाफ नर्स | पाचौं | नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण | २ (दुई) | अ.व्य.समिति करार |

नोट:

१. **दरखास्त फारम**: यस अस्पतालको Website: mmph.gandaki.gov.np/ डाउनलोडबाट फारम डाउनलोड गरी भरेर फाइलमा दरखास्त फारमसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित मातृशिशु मितेरी प्रादेशिक अस्पताल, कास्की, पोखरा बाटुलेचौरमा पेश गर्नुपर्नेछ।
२. **काम गर्नुपर्ने स्थान** : मातृशिशु मितेरी प्रादेशिक अस्पताल. कास्की, पोखरा १६, बाटुलेचौर।
३. **दरखास्त दस्तुर** : पाचौं तहको लागि रु. ५००/-(पाँच सय) दस्तुर बुझाउनु पर्नेछ।
क. कार्यालयको नाम: मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की ।
ख. कार्यालयको कोड नं. : ३७००१३९०४४ ग. राजश्व शिर्षक नं.: १४२२९
घ. बैंक खाता नं. : (सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने : राष्ट्रिय वाणिज्य बैंक)
४. **दरखास्त दिने अन्तिम मिति** : वि.स. २०८२/१२/२३ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट।
५. **दरखास्त दिने स्थान** : मातृशिशु मितेरी प्रादेशिक अस्पताल कास्की पोखरा बाटुलेचौर।
६. **परिक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता/लिखित परिक्षाको सूचना यस अस्पतालको सूचना पाटि तथा वेभसाईटमा प्रकाशन गरिनेछ।
७. **विस्तृत जानकारीको लागि** : यस अस्पतालको सूचना पाटि वा mmph.gandaki.gov.np मा हेर्न हुन तथा सोहि अनुसार गर्नुहुन अनुरोध छ।

**संयोजक**
**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**